नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं
फोनः ०१-४९५८०१३/१४, इमेलः- info@aepc.gov.np  वेबसाइटः- www.aepc.gov.np

**Clean Cooking Solutions कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने विद्युतिय चूलो र तह ३+ स्तरको सुधारिएको चुलोको लागि दररेट उपलब्ध गराउने सम्बन्धी सार्वजनिक सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०४/१९**

हरित जलवायू कोषको सहयोगमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा सञ्चालित Clean Cooking Solutions (CCS) कार्यक्रम आ.व. २०८०/०८१ बाट पाँच वर्षको लागि सञ्चालनमा रहेको छ। कार्यक्रम अन्तर्गत केन्द्र, हरित जलवायू कोष, स्थानीय तह र लाभग्राहीहरुको लागत साझेदारी रहने छ। तराईका २२ जिल्लाका २८४ मध्ये १५० स्थानीय तहहरुमा ५ लाख विद्युतिय चूलो र ४ लाख ९० हजार तह ३ को सुधारिएको चुलो वितरण तथा १० हजार बायोग्याँस निर्माण गर्ने लक्ष्य रहेको छ । चालु आर्थिक बर्षको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्रविधिहरु २ लाख ५० हजार वितरण तथा  निर्माण गर्ने लक्ष्य रहेको हुनाले सो का लागि यस केन्द्रको वेबसाइट www.aepc.gov.np मा उपलब्ध १५० स्थानीय तहहरुको नाम र प्राविधिक विवरण (Technical Specification) बमोजिम केन्द्रीय नवीकरणीय ऊर्जा परिक्षणा केन्द्रबाट परिक्षण भएको दुवै (विद्युतिय चूलो र तह ३+ को सुधारिएको चुलो) चुलोहरुको काठमाडौं उपत्यकाको लागि मू.अ.कर बाहेकको दररेट यस केन्द्रमा वा केन्द्रको ईमेल ठेगाना (info@aepc.gov.np) मा उपलब्ध गराउन ईच्छुक उत्पादक कम्पनी ,आधिकारिक बिक्रेता, तथा ईच्छुक आपूर्तिकर्ताहरुबाट मिति २०८३ साउन २५ गते कार्यलय समय भित्र प्रति इकाईको दररेट उपलब्ध गराउन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

द्रष्टब्यः दररेट पेश गर्दा परिक्षण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।